बुटवल उपमहानगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही

सूचनाको हक सम्बन्धीदफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६४ को नियम ३ बमोजिम सार्वजानिक गरिएको



२०८३ साल श्रावन १ गते देखि असोजमसान्त सम्मको सम्पादित प्रमुख योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन

(स्वतःप्रकाशन)


मिति २०८३।०७।१३

१. कार्यालयको स्वरुप र प्रकृति

विभिन्न ठाँउहरुबाट मानिसहरु बटुलिएर बसेपछि बुटवल भएको शहरलाई पहिला खस्यौली नामले चिनिन्थ्यो। व्यापारिक नाकाको रुपमा रहेको यस पालिकामा पहाड तिरबाट आफुलाई चाहिने जिनिस (बस्तु) किन्ने र पहाडमा उत्पादन भएका बस्तभाउहरु यस ठाँउमा ल्याई वेचविखन गर्न मानिसहरुको ओइरो लाग्ने ठाँउ वा बटुलिने ठाँउ भएकोले बटौली हुदै कालान्तरमा बटौलीबाट बुटवल हुनगएको भन्ने जनश्रुति पनि छ । वि.स २०१६ सालमा बुटवल खस्यौली नगरपालिका स्थापना भएको थियो । वि.स. २०१७ सालमा बहुदलीय व्यवस्था विघटन भएपछि नाम फेरेर बुटवल खस्यौली नगरपञ्चायत राखियो । बहुदलीय व्यवस्था पश्चात बुटवल नगरपालिका रहन गयो । हाल राज्यको पुर्नसंरचना पश्चात २०७१ मंसीर १६ गते बुटवल नगरपालिकामा सेमलार र मोतिपूर गाविसलाई समावेश गरी २२ वटा वडाहरु कायम गरी उपमहानगरपालिका घोषणा गरिएको थियो । नेपाल सरकारले २०७३ फागुन २२ गते साविकका २२ वटा वडाहरुलाई समायोजन गरी जम्मा १९ वटा वडा सहित बुटवल उपमहानगरपालिका घोषणा भएको थियो । नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ अनुरुपको कार्य प्रकृति रहेको छ ।

उप-महानगरपालिका
उपमहानगरपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बुटवल उपमहानगरपालिका, बुटवलको संगठन संरचना



नोट: बधशाला-३०, बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र-३०, बुटवल मण्डपे-३० जनाको दरबन्दी रहनेछ। उक्त दरबन्दीहरुमा सम्बन्धित निकायको वित्तीय श्रोतबाट व्यवस्थापन गरी तथा उपमहानगरपालिकासाई थप आर्थिक दायित्व नपर्ने गरी आवश्यकता अनुसार लगाउन सकिनेछ।

२. कार्यालयको काम,कर्तव्य र अधिकार

- नेपालको संविधान तथा संविधानको. अनुसूची ८ र ९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२
- अन्य सघिंय तथा प्रदेश ,स्थानीय कानुनले तोकिए बमोजिमका कार्यहरु

३ कार्यालयमा रहेने कर्मचारीको सख्या र कार्य विवरण

दरवन्दी संख्या : ५४१

www.butwalmun.gov.np (*कार्यविभाजन नियामवली २०७६*)

४ कार्यालयबाट प्रदान गरिने सेवा

नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तोकिएका सेवाहरु र अन्य प्रचलित कानुन अनुसारका कार्यहरु ।

५ सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवारी अधिकारी

सि. न	महाशाखा/शाखाको नाम	जिम्मेवार पदाधिकारी	जिम्मेवार अधिकारीको नाम
	बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय	प्रमुख प्रशासकीय अधिकृत	**श्री दीपक ज्ञवाली**
१	**सामान्य प्रशासन महाशाखा**	**बरिष्ठ प्रशासकीय अधिकृत**	**श्री हरि प्रसाद आचार्य**
१.१	प्रशासन तथा जनशक्ति बिकास शाखा	प्रशासकीय अधिकृत	श्री गंगाधर सापकोटा
१.२	जिन्सी शाखा	प्रशासकीय अधिकृत	
१.३	कानून शाखा	वरिष्ठ कानुन अधिकृत	श्री ध्रुव भट्टराई
१.४	नगर प्रहरी बल	अधिकृत छैँठौ	श्री जयश्वर पाण्डे
२	**भवन निर्माण महाशाखा**	**वरिष्ठ इन्जिनियर**	**श्री सुमन श्रेष्ठ**
२.१	भवन निर्माण डिजाइन तथा नक्शापास	वरिष्ठ इन्जिनियर	श्री युवराज भट्टराई
२.२	खानेपानी, विद्युत तथा ढल निकास शाखा	वरिष्ठ इन्जिनियर	श्री रुक्मागत बस्याल
३	**शहरी पूर्वाधार विकास महाशाखा**	**वरिष्ठ इन्जिनियर**	**श्री गौतम रौनियार**
३.१	पूर्वाधार विकास शाखा	वरिष्ठ इन्जिनियर	श्री मोहराज पौडेल
३.२	योजना शाखा	प्रशासकीय अधिकृत	श्री ठगीश्वर पोखरेल
३.३	वन वातावरण तथा विपद व्यवस्थापन शाखा	वरिष्ठ वातावरण इन्जिनियर	श्री योगेश चापागाई

४	**सामाजिक विकास महाशाखा**	**बरिष्ठ उपसचिव**	**श्री मित्रमणी खनाल**
४.१	माध्यमिक तह शिक्षा शाखा	वरिष्ठ शिक्षा अधिकृत	श्री टिकाराम पन्थी
४.२	वाल तथा आधारभूतह शिक्षा शाखा	वरिष्ठ शिक्षा अधिकृत	श्री कोपिला ज्ञवाली
४.३	युवा तथा खेलकुद विकास शाखा	वरिष्ठ शिक्षा अधिकृत	श्री कमला चुदाली
४.४	सुचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री रोशन कुमार रेग्मी
४.५	जनस्वास्थ्य व्यवस्थापन तथा रोग नियन्त्रण शाखा	जनस्वास्थ्य अधिकृत (आठौं)	श्री युवराज पाण्डे
४.६	प्रवर्द्धनात्मक स्वास्थ्यशाखा		
५	**वित्त व्यवस्थापन महाशाखा**	**बरिष्ठ उपसचिव**	**श्री मित्रमणी खनाल**
५.१	प्राकृतिक स्रोत तथा सम्पत्ती व्यवस्थापन शाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री रोशन कुमार रेग्मी
५.२	आर्थिक प्रशासन शाखा	वरिष्ठ लेखा अधिकृत	श्री सरस्वती भुर्तेल
५.३	राजस्व प्रशासन शाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री रोशन कुमार रेग्मी
६	**आर्थिक विकास तथा समाज कल्याण महाशाखा**	**बरीष्ठ उपसचिव**	**श्री तुलसा अर्याल**
६.१	पशुपंक्षी विकास शाखा	पशु स्वास्थ्य अधिकृत	श्री बासना वि.सी
६.२	कृषि विकास शाखा	कृषि प्रसार अधिकृत	श्री सन्तोष जि. सी
६.३	सहकारी, उद्योग वाणिज्य तथा लघुउद्यम विकास शाखा	प्रशासकीय अधिकृत	श्री गुणाकर खनाल
६.४	पर्यटन श्रम तथा रोजगार प्रवर्द्धन शाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री विजयदेव भुर्तेल
६.५	महिला, बालबालिका तथा समावेशीकरण शाखा	प्रशासकीय अधिकृत	श्री संगीता अर्याल
६.६	सामाजिक परिचालन, अन्तर सरकारी तथा संघसंस्था समन्वयशाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री विजयदेव भुर्तेल
६.७	सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा	महिला विकास अधिकृत	श्री तारा भुसाल
६.८	भूमि व्यवस्थापन शाखा	वरिष्ठ प्रशासकीय अधिकृत	श्री दामोदर ज्ञवाली
७	**अनुगमन महाशाखा**	**बरीष्ठ उपसचिव**	**श्री तुलसा अर्याल**

७.१	अनुगमन तथा मूल्याङ्कन शाखा	प्रशासकीय अधिकृत	श्री लक्ष्मी अर्याल
७.२	सरसफाई तथा फोहोर व्यवस्थापन शाखा	वरिष्ठ वातावरण इन्जिनियर	श्री योगेश चापागाई
१	सार्वजनिक निजी साझेदारी शाखा:	प्रशासकीय अधिकृत	
२	आन्तरिक लेखा परीक्षण शाखा	वरिष्ठ लेखा अधिकृत	श्री लेखनाथ पोखेल
३	अन्तर सरकार तथा वैदेशिक समन्वयशाखा	वरिष्ठ कानुन अधिकृत	श्री ध्रुव भट्टराई
४	परियोजनाहरु		

६. सेवाप्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आर्थिक ऐन,२०८२ एवं २०८३ र नागरिक वडापत्र अनुसार ***www.butwalmun.gov.np***

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- कार्यालयको आन्तरिक व्यवस्थापन निर्णयका लागि ३ चरण प्रमुख प्रशासकीय अधिकृत
- कार्यपालिकामा जाने प्रस्तावको लागि तीनमहले सहित ४ चरण नगर प्रमुख

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख - (प्रमुख प्रशासकीय अधिकृत)

९ सम्पादन गरेको कामको मुख्य मुख्य विवरण

त्रैमासिक प्रगति विवरण

(आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक, २०८३ श्रावन १ गतेदेखि २०८३ असोज मसान्तसम्म)

प्रशासन तथा जनशक्ति बिकास शाखा

१-मिति २०८३।०४।०८ मा स्थायी कर्मचारीहरुको प्राप्त हुन आएको आ.व.०८२/०८३ को का.स.मू मध्ये पाचौ तह सम्मका कर्मचारीहरुको का.स.मू.मुल्याकनका लागि सबै महाशाखा प्रमुखहरुलाई जिम्मेवारी दिईएको ।

२-वरिष्ठ उपसचिव तुलसा अर्याललाई पाचौ तह सम्मको कर्मचारीहरुको पुनरावलोकन समितिको कार्य सम्पन्न गर्ने गरी जिम्मेवारी दिईएको ।

३-वरिष्ठ उपसचिव मित्रमणि खनाललाई अधिकृतस्तर छैटौ भन्दा माथि अधिकृतस्तर आठौं तह सम्मको कर्मचारीहरुको सुपरिवेक्षकको कार्य सम्पन्न गर्ने गरी जिम्मेवारी दिईएको ।

४-सबै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तोकिएको समय भित्रै सम्पति बिवरण बुझाउने सम्बन्धी सूचना गरएको ।

५-मिति २०८३।०४।०७ गते नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच कार्यसम्पादन सम्झौता गरिएको साथै प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखहरुका बिच कार्यसम्पादन सम्झौता गरिएको ।

६-दैनिक सम्पत्ति बिवरणका खामहरु दैनिक अनलाईन इन्ट्री गर्ने गरिएको ।

७-स्थायी कर्मचारीहरुको आ.ब.०८२/०८३को का.स.मू.को सुपरीवेक्षण र पुनरावलोकनका लागि जिम्मेवारी तोकिएको ।

८-मिति २०८३।०४।२९ गतेका दिन गुरुङ्ग भाषाको नागरिक वडापत्र सार्वजनिकीकरण गरिएको ।

९-मिति २०८३।०५।०२ गतेका दिन प्राविधिक अधिकृत दिल बहादुर थापाको राजिनामाको पत्र र बिदा लगायतका सेवा अवधि सम्बन्धित पत्र बनाउने कार्य गरिएको ।

१०- मिति २०८३।०५।१७ मा १६ जना प्राविधिक कर्मचारीहरुको सरुवा सम्बन्धी पत्र बनाउने कार्य गरिएको ।

११-मिति २०८३।०५।०९मा जिवन भट्टराईको अनिवार्य अवकाशको पत्र बनाउने कार्य गरिएको ।

१२-२५३ जना स्थायी कर्मचारीहरुको २०८२ मा संचित बिदाको रेकर्ड निकाल्ने कार्य गरिएको ।

१४-२०७६ सालमा लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरु मध्ये १७ जना कर्मचारीहरुको दर्ता गरी प्राप्त हुन आएको आ.ब.२०८२/०८३ को सम्पत्ति बिवरण मिति २०८३।५।२५मा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पत्ति बिवरण दर्ताका लागि पठाईएको ।

१५-मिति २०८३।०६।०६मा थानीश्वर खनालको सि.अ.हे.ब.अधिकृत पदमा तहबृद्धि गरिएको ।

१६-मिति २०८३।०६।०९ मा कर्मचारी तथा जनप्रतिनिधिहरु गरी जम्मा ३३६ जनाको सम्पत्ति बिवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउन पठाईएको ।

१७-मिति २०८३।०६।१२ मा १ जना कर्मचारीलाई जिम्मेवारी थप र १ जनालाई कार्यक्षेत्र परिवर्तन गरिएको ।

१८-मिति २०८३।०६।१२ मा अधिकृतस्तर छैठौ (प्रा.) त्रिदेव बुढाथोकीलाई १ बर्षे नापी तालिममा पठाईएको ।

१९-मिति २०८३।०६।१२ गते देखि ६१० वटा का.स.मू.लाई खामबन्दी गरी लाहा लगाउने कार्य गरिएको ।

२०-मिति २०८३।०६।२० गते २४० जना कर्मचारीहरुको छुट्टा छुट्टै खाम तयार गरी प्रदेश लोक सेवा आयोगमा पठाईएको ।

२१-मिति २०८३।०६।२२ मा २४० जना कर्मचारीहरुको छुट्टा छुट्टै खाम तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय दाङ्ग पठाउने कार्य गरिएको ।

२२- मिति २०८३।०६।२७ मा २९ जना कर्मचारीहरुको छुट्टा छुट्टै खाम तयार गरी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय काठमाण्डौ पठाउन तयार गरिएको ।

कानून शाखा :

क्र.स	कार्यक्रमको नाम	संख्या	कैफियत
१	अघिल्लो आ.व बाट सरेर आएको मुद्धा	२४	आ.व ०८२/०८३ अ.ल्या
२	नँया उजुरी दर्ता	१४	-
३	उजुरी फर्छ्यौट	११	-
४	न्यायिक समिति बैठक	५	-
५	न्यायिक समिति इजिलास	१५	-
६	सुचिकृत मेलमिलाप कर्ता	१५३	-
७	विभिन्न कानुन निर्माण, राजपत्र प्रकाशनमा सहजिकरण तथा कार्यदलमा सदस्य भई काम गरेको		

भूमि व्यवस्थापन शाखा

सि.नं	कार्यक्रम / योजनाको नाम	स्थान/ठेगाना	उपलब्धी	आ.व.	कैफियत
१	आ.व.२०८२/०८३ मा तयार गरिएको भू-उपयोग वर्गीकरण कार्यान्वयनमा ल्याईएको	बुटवल १-१९	कार्यान्वयन भएको	२०८३/०८४	
२	फिल्डवुक/ प्लट रजिष्टर उतार सिफारिस	बुटवल १-१९	५	२०८३/०८४	
३	विटौरी श्रेष्ता उतार/रोक्का फुकुवा जानकारी	बुटवल १-८	१२	२०८३/०८४	
४	कम्प्युटरमा लगत (निवेदन फारम) प्रविष्टि भई नामथर फरक परि सुधार गरेको	बुटवल १-१९	१४	२०८३/०८४	
५	कम्प्युटरमा लगत (निवेदन फारम) प्रविष्टि भएका बसोवासीहरुलाई निस्सा बितरण	बुटवल १-१९	२१३	२०८३/०८४	
६	जग्गा हकदाविको सुचना टाँस र सिफारिस	बुटवल १-१९	१	२०८३/०८४	
७	भूमिहीनको प्रमाणीकरणका लागि वडा अध्यक्ष र वडा सचिवहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न	बुटवल १-१९		२०८३/०८४	
८	विवादित जग्गा नापँजाँच र सिमाना एकिन	बुटवल १-१९	९	२०८३/०८४	
९	घर नक्शा निवेदनमा फिल्ड स्केज	बुटवल १-१९	३२५	२०८३/०८४	
१०	जग्गा उपयोग प्राप्तिका लागि सिफारिस	बुटवल-१-१९	१	२०८३/०८४	

सहकारी, उद्योग वाणिज्य तथा उद्यम विकास शाखा :

१.सहकारी एकीकृत सूचना प्रणाली सम्वन्धी तालिम कार्यक्रम (१ दिने) ३५ जना सहभागी
२. प्राइभेट फर्म दर्ता खारेजी ४ वटा
३ प्राइभेट फर्म दर्ता ४८३ वटा
४ लघु उद्यमीहरुको मासिक बैठक सहजिकरण १२ वटा सम्पन्न भएको छ ।
५ नयाँ उद्यमीहरुको व्यवसायिक योजना २ वटा तयारी भएको छ ।
६ सरफ साबुन, फिनेल हार्पिक र डिसवास बनाउने उद्योग दर्ताको लागि सहजिकरण ।
७ GESIMIS सफ्टवयरमा उद्यमीहरुको विवरण प्रविष्ट गर्ने काम सम्पन्न भएको छ ।

पशुपंक्षी विकास शाखा:

क्र.सं.	कार्यक्रम विवरण	इकाई	प्रगति	कैफियत
१	बिमा गरिएका पशुहरुको मृत्यू प्रमाणित गरि ईन्स्योरेन्स कम्पनीमा भुक्तानीको लागि सिफारिस	संख्या	१७ जना कृषक लाभान्वित	
२	मेडिकल उपचार सेवा	संख्या	१६२१ पशुपन्छीहरु	२७० जना कृषक
३	माईनर सर्जिकल उपचार सेवा	संख्या	२४	
४	गाईनोकोलोजिकल उपचार सेवा	संख्या	५२	
५	कृत्रिम गर्भाधान	संख्या	गाइ र भैसी	जम्मा ४८१
६	फार्म अनुगमन गरि दर्ताको लागि सिफारिस	संख्या	२	
७	शाखा बाट पशु स्वास्थ्य प्राबिधिक परामर्श	संख्या	आवश्यकता अनुसार उपलब्ध गराईएको	
८	रेविज तथा खोरेत रोग परिक्षणका लागि स्याम्पल कलेक्सन गरी पशु रोग अन्वेषण प्रयोगशाला पठाईएको	पटक	३ वटा कुकुर र १ वटा भैसी	Rabies 3 positive ,FMD negative
९	पशुहरुलाई विविध रोग तथा परजिवी विरुद्ध औषधी शाखा तथा सेवा केन्द्रबाट उपलब्ध गराईएको ।	संख्या	पशु पालन गरेका क्षेत्रहरु सबै वडामा	
१०	नन्दीनी गौशालामा रहेका गाईहरुको नियमित उपचार सेवा	सख्या	नियमित उपचार भैरहेको	
११	गोवर परिक्षण सेवा	संख्या	७	सेवा केन्द्रबाट
१२	रेविज बिरुद्ध खोप	संख्या	२७३	विश्व रेविज दिवसको अवसरमा सचालित कार्यक्रममा २३९ सामुदायिक कुकुरहरुमा

				खोप लगाइएको
१३	कृषकहरुको लागि पशु अहारा सेवा कार्यक्रम अन्तरगत जै र वर्षिम घाँसको बीउ वितरण गरिएको	के जी	७०० के जी जै ९०० के जी वर्षिम	कृषकहरुलाइ पशु आहारा व्यवस्थापनमा सहयोग पुगेको



कृषि विकास शाखा

हाल सम्म लाभग्राही संख्या = ४२४ जना /संस्था

सि.नं.	कार्यक्रम/योजना	स्थान/ठेगाना	उपलब्धी	विनियोजित रकम	खर्च रकम	लाभान्वित	कैफियत
१	अनुदानको रासायनिक मल वितरण	वुटवल १ देखी १९ सम्म	२१६.१२ मे.ट यूरिया र ६३.६ डीएपी अनुदानको मल कोटा निर्धारण भई मल विक्रेता संस्था मार्फत मल विक्रि वितरण भएको ।			१० वटा मल विक्रेता संस्था मार्फत सबै मल प्रयोग गर्ने कृषक	
२	नविनतम प्रविधि विस्तार, कृषक क्षमता अभिबृद्धि तथा अन्य व्यवस्थापन	वुटवल ११ देखी १९ सम्म	१ दिने ४ वटा तालिम संचालन भएको ।	१० लाख	२,९३,५६५	१२० जना	
३	मोतिगंज मकै पकेट संचालन समन्वय समिति बुटवल १४ मार्फत पकेट क्षेत्र विस्तार एवं निरन्तरता कार्यक्रम	बुटवल १४ र १९	मोतिगञ्ज मकै पकेट संचालन समन्वय समितिबाट प्रस्ताव योजना पेश तथा सम्झौता भई कार्यक्रम संचालनमा रहेको ।	१० लाख		वडा न. १४ र १९ मा पकेट क्षेत्र भित्रका ६२ जना मकै उत्पादक कृषक	३७.६५ विघा क्षेत्रफलमा मकै उत्पादन विस्तार हुने ।
४	तरकारी विउ मिनिकिट/ व्यवसायिक तरकारी एवं फलफुलको वीउ/वेर्ना वितरण कार्यक्रम ।	वुटवल १ देखी १९ सम्म	व्यवसायिक तरकारी खेती गर्ने कृषकहरु उन्नत तथा हाईब्रिड तरकारी विउ वितरण ।	८ लाख	३,४२६२५	५३ जना कृषक/ संस्था	
५	सिम्रिक कृषि सहकारी संस्था लि.बुटवल १७ को समन्वयमा गहुँ बालीको विउ उत्पादन क्षेत्र विस्तार कार्यक्रम ।	बुटवल १७	सिम्रिक कृषि सहकारी संस्थाबाट प्रस्ताव योजना पेश तथा सम्झौता भई कार्यक्रम संचालनमा रहेको ।	२.५ लाख		३० जना गहु बिउ उत्पादक कृषक	३४ विघा क्षेत्रफलमा गहु बिउ उत्पादन विस्तार हुने ।
६	मागमा आधारीत नविनतम प्रबिधिबाट च्याउ /मौरी पालन /फलफुल /तरभुजा /पुष्प /प्याज /लसुन /बेसार /तरकारी/कुरिलो उत्पादनमा ५०% सहयोग अनुदान कार्यक्रम ।	वुटवल ११ देखी १९ सम्म	प्रस्ताव पेश गर्न सुचना आह्वान तथा सम्झौता भई कार्यक्रम संचालनमा रहेको ।	१२ लाख		२८ जना कृषक/संस्था	
७	वरपिपल कृषि सहकारी संस्था लि. बुटवल १४ को समन्वयमा मकै,मुगं बालीको क्षेत्रविस्तार कार्यक्रम ।	बुटवल १४	वरपिपल कृषि सहकारी संस्थाबाट प्रस्ताव योजना पेश तथा सम्झौता भई कार्यक्रम संचालनमा रहेको ।	६ लाख		५१ जना मकै उत्पादक कृषक	२१ विघा क्षेत्रफलमा मकै उत्पादन विस्तार हुने ।
८	सरस्वती आमा समुह बुटवल १२ को समन्वयमा भर्मी कम्पोस्ट मल/स्वस्थ बालि उत्पादन/क्षमता विकास सचेतना कार्यक्रम।	बुटवल १२	सरस्वती आमा समुहबाट प्रस्ताव योजना पेश तथा सम्झौता भई कार्यक्रम संचालनमा	१.५ लाख		४१ जना कौशी करेसाबारी तथा भर्मी	

			रहेको ।			मल उत्पादक कृषक	
९	मकै बाली प्रर्वद्धन कार्यक्रम (न्यूनतम ५ कठठमा बाली विस्तार)	वुटवल ११ देखी १९ सम्म	प्रस्ताव पेश गर्न सुचना आह्वान तथा सम्झौता भई कार्यक्रम संचालनमा रहेको ।	१० लाख		३९ जना मकै उत्पादक कृषक	१५.४ विघा क्षेत्रफलमा मकै उत्पादन विस्तार हुने ।

राजश्व प्रशासन शाखा, प्राकृतिक स्रोत तथा सम्पत्ति व्यवस्थापन शाखा

क.स.	कार्यहरु	स्थान/ ठेगाना	उपलब्धी	कैफियत
1	राजश्व संकलन कार्य (आन्तरिक आय)	बुटवल उपमहानगरपालिका तथा वडा कार्यालयहरु	जम्मा रु. 25,94,40,108.19 । - राजश्व संकलन भएको ।	
2	राजश्व संकलन कार्य (विभाज्य कोष)	बुटवल उपमहानगरपालिका	जम्मा रु. 14,88,431.17 । - राजश्व संकलन भएको ।	
3	राजश्व परामर्श समितिको बैठक बसी विविध विषयमा छलफल भएको ।	बुटवल उपमहानगरपालिका	राजश्व परामर्श समितिको दुई वटा बैठक बसी राजश्व सम्बन्धी विविध विषयमा निर्णय गर्नको लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने कार्य भएको ।	
4	वार्षिक कार्ययोजना अनुरुप आय ठेक्का गरिएको ।	बुटवल उपमहानगरपालिका	कवाडीजन्य सामाग्री संकलन तथा निकासी सम्बन्धी आयठेक्काको सम्झौता गरि कवाडी कार्य संकलन सुरु भैसकेको ।	
5	स्थानीय सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य	बुटवल उपमहानगरपालिका	स्थानीय सवारी साधन व्यवस्थापन समितिको बैठक एक पटक बसी स्थानीय सवारी साधन सम्बन्धी विभिन्न विषयमा निर्णय/निर्णय गर्नको लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने कार्य भएको ।	
6	स्थानीय सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य	बुटवल उपमहानगरपालिका	३६ वटा ई-रिक्सा तथा टेम्पोहरुले विभिन्न यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी आएकाले तिनीहरुको नामसारी गरिएको । ११९ वटा ई-रिक्सा तथा टेम्पोहरुको रुट ईजाजत नविकरण भएको साथै २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनको क्रममा आगजनीबाट नष्ट भएकाले नगरपालकिामा रुट इजाजत अनुमति लिएका स्थानीय सवारी साधनको व्यक्तिगत भौतिक फाइल स्थापना, उपलब्ध कागजात तथा सवारी विवरणको अभिलेखीकरण, कम्प्युटरमा डिजिटल विवरण प्रविष्टि, रजिस्टर/ढड्डा व्यवस्थापन तथा SUTRA–Revenue Module मा आवश्यक विवरण प्रविष्टि/अद्यावधिक गर्ने कार्य गरिएको छ।	

7	अबैध रुपमा नदीजन्य पदार्थ ओसारपसारमा संलग्न सवारी साधनहरुलाई जरिवाना गरी फिर्ता गरिएको	बुटवल उपमहानगरपालिका	१ वटा ट्याक्टरले राजश्व छलि गरी नदीजन्य पदार्थको ओसारपसार गरेकोले जरिवाना बापत रुरु. ५२,५००। राजश्व असुली भएको । साथै अब उप्रान्त त्यस्तो अवैध कार्य नगर्न जानकारी गराइएको ।	
8	अव्यवस्थित रुपमा ठेला /अन्य सामान राखि व्यापार गर्नेलाई गरिएको जरिवाना	बुटवल उपमहानगरपालिका	प्रचलित कानून विपरित १५ वटा ठेला/अन्य सामान राखि अनाधिकृत रुपमा व्यापार गरेको व्यक्तिहरुबाट जरिवाना स्वरुप रु. ४९,०००। राजश्व असुली भएको । साथै अब उप्रान्त त्यस्तो कार्य नगर्न जानकारी गराइएको ।	

जनस्वास्थ्य शाखा

क्र.स.	क्रियाकलाप	कैफियत
१	भाद्र महिनामा नियमित खोप कार्यक्रम अन्तर्गत बिद्यालय जाने कक्षा ६ का र बिद्यालय नजाने १० बर्षका २०६७ जना किशोरीहरुलाई H.P.V खोप प्रदान गरिएको छ।	
२	आ.व २०८३/०८४ का लागि नियमित संचालन हुने खोप कार्यक्रमको माइक्रो प्लानिंग सम्पन्न भएको ।	
३	आ.व.२०८२/०८३ को खोप कार्यक्रमको बार्षिक प्रगति समीक्षा सम्पन्न भएको।	
४	क्षयरोग मुक्त अभियान निरन्तरता क्रियाकलाप अन्तर्गत ३० जना कुपोषित तथा बिपन्न क्षयरोग बिरामीहरुलाई पोषण सामग्री वितरण गरिएको ।	
५	आ.व.२०८२/०८३ को क्षयरोग कार्यक्रमको बार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम मिति २०८३/५/२४ गते सम्पन्न भएको।	
६	आ.व.२०८२/०८३ को स्वास्थ्य कार्यक्रमको बार्षिक समीक्षा कार्यक्रम मिति २०८३/४/३० गते सम्पन्न भएको।	
७	स्वास्थ्यकर्मीहरुलाई PAMS- V2 संचालन सम्बन्धि तालिम सम्पन्न भएको।	
८	औषधि तथा औषधिजन्य सामाग्रीहरुको खरिदको निम्ति स्वास्थ्य संस्थाबाट माग गरि दररेट साथै टेन्डर को तयारी औषधि खरिद प्रक्रिया आगाडी बढेको	
९	मिति २०८३/६/१६ १९ वटै वडाका स्वास्थ्यकर्मी, स्वयंसेवीकाहरु ,जनप्रतिनिधिहरु, कर्मचारीहरु, नगरप्रहरी लगायत अन्य सरोकारवालाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।	
१०	मिति २०८३/६/७ गते बुटवल उपमहानगरपालिका का जनप्रतिनिधि ,टोल विकास संस्थाका पदाधिकारी, सरसफाईहरुकर्मीहरु , कर्मचारीहरु , लगायत सरोकारवालाहरुलाई डेंगु तथा किटजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।।	
११	लामखुट्टेको बासस्थान ,प्रजनन् स्थल खोजौ र नष्ट गरौ अभियान अन्तर्गत १९ वटै वडामा जमेको पानीमा राख्नका लागि जलेको मोबिल र ब्लीचिंग पाउडर वितरण गरिएको। बिद्यालय तथा समुदायमा डेंगु सम्बन्धि जनचेतना साथै वडा न.२,७,र ११मा सक्रिय रुपमा खोज र नष्ट गर कार्यक्रम सम्पन्न भएको।	
१२	८ प्रकारका जटिल रोग लागेका२८ जना बिपन्न नागरिकहरुलाई एक लाख बराबरको सुबिधाको लागि संघीय सरकारमा सिफारिस गरिएको।	

१३	प्रदेश सरकारमा दुई लाख बराबरको स्वास्थ्य उपचार सहुलियतका लागि ७ जना लाई सिफारिस गरिएको ।	
१४	बुटवल उपमहानगरपालिकाबाट ८ प्रकारका जटिल रोग लागेका २२ जना बिपन्न नागरिकहरुलाई रु.१७०००/-अनुदान प्राप्त गर्न सिफारिस गरिएको।	
१६	स्वास्थ्य बिमा कार्यक्रमको थप एक लाख सुबिधाको लागि १६ जनालाई सिफारिस गरिएको।	
१७	दिर्घ रोगिहरु (मृगौला प्रत्यारोपण गरेका,डायलाईसीस गरिरहेका ,क्यान्सर र मेरुदण्ड पक्षघात भएका) लाई २०८२ मंसिर देखि २०८३ असार सम्मको मासिक रु ५०००/- भुक्तानी प्रक्रिया अगाडी बढाईएको संख्या जनामा।	
१८	गत आ.व.२०८२/०८३ को स्थानीय सरकारबाट भुक्तानी हुन बाँकी औषधि उपचार सुबिधा अनुदान सहयोग २९ जनालाई भुक्तानी गरिएको।	
१९	बुटवल उपमहानगरपालिकाभित्रका स्थाई बासिन्दाहरुलाई निशुल्क रक्तसंचार सेवा बापत आ.व.२०८२/०८३ को ४ महिनाको बाँकि रकम नेपाल रेडक्रस सोसाइटी रक्त संचार केन्द्र रुपन्देहीलाई भुक्तानी गरिएको।	

शिक्षा, युवा, खेलकुद अतिरिक्त क्रियाकलाप शाखा

क) शिक्षा शाखा

१.स्थानीय पाठ्यपुस्तक हाम्रो बुटवल कक्षा ६–८ लेखन प्रक्रिया अन्तिम चरणमा पुगेको ।

२. विद्यालयहरुको साउन भदौ असोज र चाडपर्व खर्च सहितको तलव भत्ता निकासा ।

३.संस्थागत विद्यालयहरुमा नि :शुल्क छात्रवृत्ति परीक्षा संचालन ।

४.सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई आ.व. २०८३/८४ को बजेट सम्बन्धमा प्रवोधीकरण कार्यशाला ।

५.माध्यमिक तह कक्षा ११ ,१२ मा अध्ययनरत बालबालिकाहरुको सहभागीतामा वक्तृत्वकला प्रतियोगिता ।

६.सामुदायिक विद्यालयहरुमा कार्यरत प्र.अ हरुको पदावधि समाप्त भएका स्थानहरुमा प्र.अ नियुक्ति ।

७. विद्यालयको संचालन अनुदान (बजेट पुस्तिकामा उल्लेख गरिएको निकासा ।

८.आधारभूत तह कक्षा ६–८ मा अंग्रेजी विषय अध्यापन गराउने शिक्षकहरुको लागि पाठ्यक्रम प्रवोधीकरण कार्यक्रम ।

९.आधारभूत तह कक्षा ६–८ मा गणित विषय अध्यापन गराउने शिक्षकहरुको लागि पाठ्यक्रम प्रवोधीकरण कार्यक्रम ।

१०.साउन र भदौ महिनाको दिवा खाजा बापत्को रकम निकाशा ।

११.दैनिक प्रशासनिक कार्यहरु ।

ख) युवा खेलकुद तथा अतिरिक्त क्रियाकलाप शाखा

१. खेलकुद प्रतियोगिता संचालनका लागि नगर खेलकुद विकास समिति, प्रधानाध्यापक, शिक्षा तथा खेलकुद शाखा एवं सरोकारवालाविच बैठक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

२. नगर स्काउट परिषद बैठक बसी विभिन्न विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

३. विभिन्न संघसंस्थालाई खेलकुद कार्यक्रम संचालन गरि खेलकुदको विकास, विस्तार र खेलाडी उत्पादनलाई प्रोत्साहन गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ मा छुट्टिएको बजेटबाट खेलकुद प्रतियोगिता संचालन गर्नका लागि विभिन्न संघ संस्था, क्लबसँग सम्झौता गरि अनुमति प्रदान गरिएको ।

४. विभिन्न संघसंस्थालाई खेलकुद कार्यक्रम संचालन गरि खेलकुदको विकास, विस्तार र खेलाडी उत्पादनलाई प्रोत्साहन गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ मा छुट्टिएको बजेटबाट खेलकुद प्रतियोगिता संचालन गर्नका लागि विभिन्न संघ संस्था, क्लबबाट कार्यक्रम सम्पन्न भए पश्चात विनियोजित बजेट भुक्तानीका लागि पेश भएका फाइलहरु नियमानुसार भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा गरिएको ।

घर नक्सा पासशाखा

क्र. स	दर्ता सख्या	प्लिन्थ लेभल इजाजत	सुपरस्ट्रक्चर लेभल/ थप तल्ला इजाजत	सम्पन्न प्रमाण पत्र	अभिलेखिकरण	नक्सा नामसारी	रोक्का	फुकुवा	कैफियत
१	३१२	१२८	१८३	२२९	८५	११०	१	०	

योजना शाखा

विवरण	क्रमागत संख्या	चालु आ.ब.को संख्या	कुल योजना संख्या	क्रमागतका सम्पन्न	चालु आ.ब. का सम्पन्न	जम्मा सम्पन्न	कैफियत
नगरबाट कार्यान्वयन योजना	४७	१	४८	६	०	६	
जम्मा योजना संख्या	४७	१	४८	६	०	६	

विवरण	क्रमागत योजना	चालु आ.ब. को संख्या	कुल योजना संख्या	क्रमागतका सम्पन्न	चालु आ.ब. का सम्पन्न	जम्मा सम्पन्न	कैफियत
बोलपत्र मार्फत	४०	०	४०	६	०	६	

सेवा परामर्श मार्फत	३	०	३	०	०	०	
सोझै खरिद मार्फत	०	१	१	०	०	०	
उपभोक्ता समिति मार्फत	४	१	५	०	०	०	
कुल जम्मा	४७	२	४९	६	०	६	

महिला, वालवालिका तथा समाजकल्याण शाखा

१. आ.व. ०८३।८४ मा नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम अन्तरगत संचालन गरीने तालिमका लागि इच्छुक सहभागी द्वारा दरखास्त फाराम प्राप्त भएको ।

२. आ.व. ०८३।८४ मा उपप्रमुख आत्मनिर्भर महिला उद्यम विकास कार्यक्रम अन्तरगत संचालन गरीने तालिमका लागि सुचना प्रकाशन गरी, इच्छुक सहभागी द्वारा दरखास्त फाराम प्राप्त भएको ।

३. प्राप्त दरखास्त फाराम अनुसार कतिपय तालिममा माग संख्या भन्दा वढी निवेदन प्राप्त भएको हुदा सहभागी छनौटका लागि अन्तरवार्ता प्रक्रिया अन्तीम चरणमा पुगेको ।

४. सिर्जनसिल संस्थामा रहदै आएकी एक जना सडक आश्रीत वालिकालाई निजको परिवारसँग सोही संस्थाको सहकार्यमा पुनर्मिलन गरिएको ।

सामाजिक परिचालन तथा अन्तर सरकारी समन्वय शाखा

१. सस्था दर्ता सख्या - १८

२. सस्था सूचीकृत सख्या - ५६

३. टोल विकास सस्था दर्ता सख्या विवरण सख्या -१७

४. जम्मा टोल विकास सस्था दर्ता सख्या विवरण सख्या -२३५

५. सस्था नविकरण सख्या - २४

६. परियोजना सञ्चालनका लागि पूर्व स्वीकृति दिइएको सख्या - ६

७. बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/२०८४ का लागि नगरसभाबाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिकामा सघसस्थाको नाममा विनियोजन भएको कार्यक्रमहरुको सस्थाबाट पेश हुन आएको प्रस्तावना स्वीकृत भएका फाइलहरुको सख्या- १

८. बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/२०८४ का लागि नगरसभाबाट पारित वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिकामा सघसस्थाको नाममा विनियोजन भएको कार्यक्रमहरुको सस्थाबाट पेश हुन आएको प्रस्तावनालाई कार्यक्रमहरुको औचित्ता हेरी उठाइएका प्रस्तावहरु नगरप्रमुखबाट नै रकम यकिन भै स्वीकृत भएका फाइलहरुको सख्या- ८

९. स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम समापन गरी भुक्तानी माग हुन आएका लेखा शाखामा पठाइएको फाइलहरुको सख्या - ९

पञ्जीकरण शाखा

क्र. सं	योजना/कार्यक्रमको नाम	संख्या/इकाई	लक्ष्य	उपलब्धी	सञ्चालन स्थान
१	अपाङ्गता परिचयपत्र वितरण(घर दैलो)	३ जना	राज्यद्वारा तोकिएका सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउने।	राज्यद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमा लगायत अन्य सेवा सुबिधा प्राप्त भएको ।	सामाजिक सुरक्षा तथा पंजीकरण शाखा, बुटवल उपमहानगरपालिका।
२	अपाङ्गता परिचयपत्र वितरण	३८ जना	"	"	"
३	घटना दर्ता अभिलेख/सिफारिस	९६ वटा	घटना दर्ता/प्रतिलिपी	घटना दर्ता प्रतिलिपि/दर्ता ।	"
४	अभिलेख स्थानान्तरण	१०३ वटा	अन्य पालिकामा दर्ता भएका घटनाहरुको प्रतिलिपि उपलब्ध गराउने ।	अन्य पालिकामा दर्ता भएका घटनाहरुको हालको स्थायि ठेगाना (बुटवल) मा प्रतिलिपि उपलब्ध गराईएको ।	"
५	बिविध सिफारिस	११ वटा	कार्यालयका काम कार्यबाहीको लागि	राज्यबाट तोकिएका सेवा सुविधा प्राप्तिको लागि सिफारिस प्रदान	सामाजिक सुरक्षा तथा पंजीकरण शाखा, बुटवल उपमहानगरपालिका ।
६	बायोमेट्रिक डिभाइस संचालनमा सहजिकरण तथा जडान	वडा नं.१ देखि १९ नं.वडा सम्म	सामाजिक सरक्षा भत्ता लाभग्राहीको पहिचान गर्न ।	राज्यबाट पाउने सुविधालाई दोहोरो हुनुबाट बचाईएको ।	सामाजिक सुरक्षा तथा पंजीकरण शाखा बुटवल उपमहानगरपालिका
७	सहायता समाग्री वितरण (हील चियर,)	७ थान	अपाङ्गता भएको व्यक्तिहरुलाई हिल चियर लगायत अन्य सहायता सामाग्री वितरण ।	अपाङ्गता भएका व्यक्तिहरुलाई दैनिक जिवनयापनमा आईपर्ने अवरोधहरुमा सहायता सामाग्रीले सहजिकरण भएको ।	"
८	व्यक्तिगत घटना नयाँ दर्ता	७५ वटा	प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरु जन्म, मृत्यु, विवाह, बसाईसराई र	व्यक्तिगत घटनादर्ताको रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरण सम्बन्धी कार्य ।	पंञ्जिकरण शाखा, वडा १-१९

			सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नु ।		
९	घटना दर्ता प्रतिलिपी संख्या	१००२ जना	"	"	पंञ्जिकरण शाखा, वडा १-१९
१०	सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको खाता नं अपडेट वितरण	१६७ जना	बुटवल उपमहानगरपालिका भित्र स्थायी बसोबास गर्ने समाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई भत्ता प्रदान गर्न	आ.ब २०८३/०८४ को पहिलो त्रैमासिकको लागि	पंञ्जिकरण शाखा, वडा १-१९
११	सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नविकरण	१२१७१ जना	बुटवल उपमहानगरपालिका भित्र स्थायी बसोबास वा अन्य जिल्लामा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई भत्ता प्रदान गर्न"	"	पंञ्जिकरण शाखा, वडा १-१९
१२	सामाजिक सुरक्षा भत्ता प्राप्त नयाँ लाभग्राही दर्ता संख्या	२३८ जना	बुटवल उपमहानगरपालिका भित्र स्थायी बसोबास गर्ने समाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको थप संख्या	"	पंञ्जिकरण शाखा, वडा १-१९
१३	सामाजिक सुरक्षा भत्ता बायोमेट्रिक नविकरण घरदैलो	१४९ जना	बुटवल उपमहानगरपालिका भित्र स्थायी बसोबास गर्ने समाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई भत्ता प्रदान गर्न	आ.ब २०८३/०८४ को पहिलो त्रैमासिकको लागि	पंञ्जिकरण शाखा
१४	सामाजिक सुरक्षा भत्ता वितरण	११३४८ जना	बुटवल उपमहानगरपालिका भित्र स्थायी बसोबास गर्ने समाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई भत्ता प्रदान गर्न	आ.ब २०८३/०८४ को पहिलो त्रैमासिक भत्ता	सामाजिक सुरक्षा तथा पंजीकरण शाखा, बुटवल उपमहानगरपालिका।

पर्यटन, श्रम तथा रोजगार प्रवर्धन शाखा

क) श्रम तथा रोजगार प्रवर्धन शाखा

१. मेयर युवा रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न १२ वटा तालिम सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइएको छ। उक्त तालिममा सीमित सहभागीहरूलाई मात्र समावेश गर्नुपर्ने भएकाले सहभागी छनोटका लागि करिब १,७५० जना आवेदकको अन्तर्वार्ता सञ्चालन भइरहेको।

२. पढाइसँगै रोजगार कार्यक्रम (ट्राफिक व्यवस्थापन) कार्यक्रमअन्तर्गत १०० जना विद्यार्थीलाई बुटवल उपमहानगरपालिकाका प्रमुख २० वटा चोकमा प्रतिचोक ५ जनाका दरले ट्राफिक व्यवस्थापनमा सहजीकरण तथा जनचेतना अभिवृद्धि गर्ने कार्यमा परिचालन गरिएको।

३. पढाइसँगै रोजगार कार्यक्रम (राजस्व व्यवस्थापन) कार्यक्रमअन्तर्गत १०० जना विद्यार्थीलाई बुटवल उपमहानगरपालिकाका विभिन्न वडामा प्रतिवडा ५ जनाका दरले राजस्व अभिवृद्धि तथा राजस्व व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग पुऱ्याउन परिचालन गरिएको।

४. बुटवल उपमहानगरपालिकाको रोजगारीका लागि बनाइएको जवपोर्टल संचालनमा ल्याइएको

५. आप्रवासी स्रोत केन्द्रमार्फत राहदानी बनाउन आएका तथा वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरूसहित करिब ३,५०० जनालाई वैदेशिक रोजगारीसम्बन्धी जानकारीमूलक सूचना तथा परामर्श प्रदान गरिएको।

६. रिटर्नी स्वयंसेवकहरूमार्फत समुदायस्तरमा नियमित रूपमा वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा जानकारी आदानप्रदान गर्ने कार्य भइरहेको छ। यस क्रममा करिब ४३० जनालाई आवश्यक सूचना तथा जानकारी प्रदान गरिएको।

७. बैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको नियमित पुनः श्रमस्वीकृती गर्ने कार्य नियमित भई रहेको।

८. बैदेशिक रोजगारीमा गएका व्यक्तिहरू अंगभंग, मृत्य वा ठगीमा परेकालाई बैदेशिक रोजगारको वोर्डसंग समन्वय गरी अर्थिक सहायता नियमित उपलब्ध गराइएको।

९. मेयर युवा रोजगार प्रवर्धन कार्यक्रम अन्तरगत विभिन्न तालिममा सहभागी भएका व्यक्तिहरूको रोजगारी तथा स्वरोजगारी सम्वन्धी अवस्थाको वारेमा जानकारी लिइ कम्प्युटरमा इन्ट्री गरीएको।

ख) पर्यटन शाखा

१. हाइवे क्षेत्रमा वाल पेन्टिङ गर्ने कार्यको प्रक्रिया अगाडि बढाइएको।

२. पर्यटन प्रवर्द्धनका लागि बुटवलको पर्यटन चिनारी" सम्बन्धी सामग्री प्रकाशन गर्ने प्रक्रिया अगाडि बढाइएको।

अनुगमन तथा मुल्याङ्कन शाखा

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रूपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

सि. नं.	कार्यक्रम/योजना	स्थान/ ठेगाना	उपलब्धी	खर्च रकम	लाभाम्वित संख्या	कैफियत
१	वार्षिक समिक्षा गोष्ठी	नगरस भा हल	१ वटा			आ.व.०८२/०८३ मा बुटवल उपमहानगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको समिक्षा गरिएको ।
२	माछा मासु पसल अनुगमन	नगरक्षे त्र	२४ वटा		नगरवासी	सडक पेटीमा राखि व्यवसाय संचालन नगर्न , सरसफाईमा विशेष ध्यान दिन र माछामासु पसल मापदण्ड पुरा गरेर मात्र संचालन गर्न निर्देशन गरिएको ।
